# सिकाइस्तर सुधार: विद्यालय शिक्षामा परीक्षासम्बन्धी अभ्यास र समस्या

देवीराम आचार्य

यस लेखका लेखक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं शाखा अधिकृत पदमा कार्यरत हुनुहुन्छ । यस लेखका सम्बन्धमा कुनै जिज्ञासा भए उहाँको ठेगानामा पत्राचार गर्न सकिने छ । Email: deviramac@outlook.com

**लेखसार**

प्रविधिको क्षेत्रमा भएको तिव्र विकास र परिवर्तनले शैक्षिक प्रणाली, सिकाइ प्रक्रिया र परीक्षाका विषयहरूमा पनि नयाँ वहस सिर्जना भएको छ । तर नेपालका विद्यालयमा अहिले पनि परम्परागत लिखित परीक्षाको बाहुल्यता छ । निर्माणात्मक मूल्याङ्कन अपेक्षित र प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन । विद्यालयहरुले परीक्षाका सम्बन्धमा विभिन्न फरक फरक अभ्यासहरु गरेका छन । विद्यालयमा गरिएका परीक्षाका अभ्यासहरूले विद्यार्थीको सिकाइमा सकारात्मक योगदान गर्न सकिरहेको छैन । निर्माणात्मक परीक्षणहरू सिकाइका लागि निर्माणात्मक हुन सकिरहेका छैनन् । शिक्षण सिकाइ परीक्षाकेन्द्रित छ । विद्यालयमा परीक्षाका औपचारिक ढाँचा बढी प्रचलनमा छन् । सिकाइ सुधारका लागि पृष्ठपोषणसहितको वैयक्तिक शिक्षणमा परीक्षणलाई जोड्न सकिएको छैन । विद्यालयमा भएका परीक्षासम्बन्धी विभिन्न अभ्यास र परीक्षासम्बन्धी समस्याहरुमा केन्द्रित भएर विभिन्न विद्यालयका शिक्षक तथा प्रअहरूबाट  सङ्कलन गरिएका सूचनाहरूलाई यस आलेखमा प्रस्तुत गरिएको छ । अनुसन्धाताको विद्यालय अवलोकनका क्रममा पाइएका तथ्य र अनुभवलाई समेत लेखको आधार बनाइएको छ । यसका साथै नेपालको परीक्षासम्बन्धी इतिहासको सामान्य समीक्षा र निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारिता समेतको चर्चा गरिएको छ । विद्यार्थीको सिकाइ सुधारका लागि सिकाइका लागि परीक्षण (Assessment for Learning) मा जोड दिनुपर्ने आवश्यकता छ भन्ने कुरा यस लेखको निष्कर्ष हो ।

*मुख्य शब्दाब्दली: परीक्षा, सिकाइ, नतिजा, निरन्तर विद्यार्थी मूल्याङ्कन*

## विषय प्रवेश

परीक्षा शिक्षण सिकाइ प्रक्रियाको एउटा अभिन्न अङ्ग हो र औपचारिक शिक्षाको सुरु भएसँगै औपचारिक परीक्षाको अभ्यास हुने गरेको देखिन्छ । परम्परागत लिखित परीक्षाका साथै पछिल्ला दिनमा विद्यार्थीको सिकाइस्तर परीक्षण गर्ने विभिन्न प्रकारका साधन र विधिहरू विकास भएका छन् । प्रविधिको विकाससँगै विद्यार्थीको सिकाइ परीक्षणमा अनलाइन पद्धतिको समेत सुरुवात भएको छ र इ एसेसमेन्ट (e-assessment) एउटा नयाँ विषय क्षेत्रको रुपमा आएको छ । विश्वव्यापी रुपमा प्रविधिको विकाससँगै भएको कृत्रिम बौद्धिकताको विकास र शिक्षा क्षेत्रमा यसका प्रयोग हुने क्रममा  सिकाइस्तर परीक्षणमा र खासगरी अनलाइन माध्यमबाट गरिने परीक्षणमा यसले थप चुनौतीहरूको सिर्जना गरेको भन्ने गरिन्छ । च्याट जिपिटी र कम्प्युटरमा आधारित परीक्षण (Computer-Assisted Assessment-CAA) का विश्वव्यापी वहस हुँदै गर्दा नेपालको परीक्षा प्रणाली विशिष्टीकरण तालिकामा बाधिएर लिखित परीक्षाका अभ्यासमा केन्द्रित रहेको छ । धेरै शिक्षकहरुसँग गरिएको अन्तर्क्रियामा परीक्षाको समस्याको रूपमा विशिष्टीकरण तालिकाअनुरूप प्रश्न नबनेको भन्ने पाइन्छ । विशिष्टीकरण तालिकाले प्रश्न आउने पाठ, कुन पाठबाट छोटो र कुन पाठबाट लामो उत्तर आउने प्रश्न सोध्ने, कुन प्रश्न ऐच्छिक र कुन प्रश्नको अथवा अर्को प्रश्न आउँछ भनेर तोकेको छ । यसले गर्दा परीक्षा प्रणाली विशिष्टीकरण तालिकालाई पालना भयो कि भएन भन्नेमा केन्द्रित छ र यसले परीक्षालाई

निश्चित ढाँचामा नियन्त्रण गरेको छ । सार्वजनिक परीक्षामा यसको प्रयोगलाई स्वभाविक मानिए पनि १० पूर्णाङ्कमा विद्यालयले गर्ने त्रैमासिक परीक्षालाई यसमा बाध्नु भनेको शिक्षण सिकाइलाई परीक्षा केन्द्रित बनाउनु हो ।

विद्यार्थीको सिकाइ परीक्षण विभिन्न तह (कक्षाभित्र, विद्यालय, पालिका, जिल्ला, क्षेत्र, राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय) मा गर्ने गरिन्छ । विश्वव्यापी ज्ञानमा आधारित अर्थतन्त्र (Global Knowledge Economy) को विकाससँगै विद्यार्थीको सिकाइ के कसरी भइरहेको छ र त्यसले देशको अर्थतन्त्र, रोजगारी र श्रम बजारलाई कसरी सम्बोधन गरिरहेको छ ? भन्नेमा हरेक देशका सरकार तथा अन्य धैरै सरोकारवालाको चासो बढीरहेको छ । गुणस्तर, समता, सिकाइमा प्रभाव पार्ने तत्त्वहरू, पाठ्यक्रम तथा शिक्षा नीतिमा गर्नुपर्ने परिवतर्नका क्षेत्रहरूको पहिचान गर्न विभिन्न राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय स्तरका सिकाइ उपलब्धि परीक्षणहरू हुने प्रचलन बढीरहेको छ ।

विद्यार्थीको सिकाइस्तर परीक्षण कक्षाकोठास्तरदेखि अन्तरर्राष्ट्रियस्तरसम्म गर्ने गरिन्छ । हरेक प्रकारका परीक्षणका आफ्नै खालका विशेषता र उद्देश्यहरू हुन्छन् । कक्षाकोठामा गर्ने परीक्षणले सिकाइमा सुधारका लागि शिक्षकलाई सूचना उपलब्ध गराउँछन् भने अन्तरर्राष्ट्रिय परीक्षणले विभिन्न देशको शिक्षाको तुलनात्मक अध्ययन गर्ने गर्छन् । नेपालमा पनि शिक्षकले कक्षाकोठामा गर्ने नियमित उपलब्धि परीक्षणदेखि राष्ट्रिय उपलब्धि परीक्षणसम्मका विभिन्न प्रकारका परीक्षणहरु अभ्यासमा रहेका छन् ।

शिक्षा प्रणालीको अनुगमन र जवाफदेहिताका लागि राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय स्तरमा सिकाइ उपलब्धि परीक्षण हुने गरेका छन् । ओइसिडी (Organization for Economic Co-operation and Development) मार्फत १५ वर्ष उमेर समूहका विद्यार्थीको पढाइ, गणित र विज्ञानसँग सम्बन्धित विभिन्न सिपको परीक्षण Programme for International Student Assessment मार्फत गरिन्छ । सन् २०२२ को PISA मा ८० भन्दा बढी देशको सहभागिता रहेको थियो (OECD, 2023) । यस्तै International Association for the Evaluation of Educational Achievement – IEA ले Trends in Mathematics and Science Study- TIMSS र Progress in International Reading Literacy Study- PIRLS सञ्चालन गर्छ (IEA, 2020) । यी परीक्षणबाट प्राप्त सूचना तथा तथ्यका आधारमा शैक्षिक योजना निर्माण, शिक्षक तालिममा सुधार, शिक्षा नीतिको तर्जुमा, शिक्षण सिकाइ प्रणालीमा सुधार लगायतका निर्णयहरु गर्ने गरिन्छ । अन्तर्राष्ट्रिय परीक्षणमा सहभागी नभएपनि नेपालमा राष्ट्रियस्तरमा सिकाइ उपलब्धि परीक्षणहरू नियमित रुपमा भइरहेका छन् ।

विद्यार्थीको सिकाइ सुधार, पृष्ठपोषण र वैयक्तिक सहयोगका लागि हुनुपर्ने निर्माणात्मक परीक्षाहरू पनि औपचारिकतामा केन्द्रित भएका छन् र निर्णयात्मक परीक्षाको रूपमा श्रेणीकरण गर्ने, पास र फेलको रूपमा नतिजा प्रकाशन गर्ने तथा पुरस्कृत गर्ने गरिन्छ । परीक्षा तालिका, प्रश्नपत्र, परीक्षा सञ्चालनको विधि र परीक्षामा दिइने महत्त्वले सिकाइलाई परीक्षाकेन्द्रित बनाइरहेको छ । पाठ्यक्रमले व्यवस्था गरेका आन्तरिक मूल्याङ्कनको कार्यान्वयनमा समस्या छ । विद्यालयमा भइरहेका परीक्षाका अभ्यासले निर्माणात्मक मूल्याङ्कन व्यवहारमा निर्माणात्मक हुन सकिरहेका छैनन् । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण भएको छ । शिक्षण सिकाइ धैरै हदसम्म लिखित परीक्षा केन्द्रित भएको अवस्था छ । विद्यालयहरूले प्रारम्भिक बालविकास कक्षाका बालबालिकाहरूको लिखित परीक्षा लिएर परीक्षामा अनुत्तीर्ण भएको र विद्यार्थीको श्रेणीकरण गरेर नतिजा प्रकाशन गरेको सामाजिक सञ्जालमै देखिएको छ । यी विविध सन्दर्भमा सामुदायिक विद्यालयमा परीक्षासँग सम्बन्धित अभ्यास र समस्यामा केन्द्रित भएर यो लेख तयार गरिएको छ ।

## अनुसन्धान प्रश्न

यो अनुसन्धानमूलक आलेख मुख्यतया दुई ओटा अनुसन्धान प्रश्नमा आधारित छ ।

१) विद्यालयमा परीक्षासम्बन्धी अभ्यासहरु के कस्ता छन् ?

२) विद्यालयमा परीक्षासम्बन्धी समस्याहरू के के छन् ?

**अध्ययन विधि**

अनुसन्धाताले विभिन्न विद्यालयको अवलोकन गर्दाका वखत, विभिन्न तालिम तथा अन्य कार्यक्रममा शिक्षकहरूसँग अन्तरक्रिया गर्ने क्रममा अनुसन्धानका मुख्य प्रश्नहरुलाई खुला प्रश्नावलीको रुपमा सोधिएको थियो र सोबाट प्राप्त प्रतिक्रिया बमोजिम केही खास खास अभ्यासहरूलाई सङ्कलन गरिएको थियो । यस अर्थमा यस आलेख गुणात्मक अनुसन्धानमा आधारित छ । यसमा समूह छलफल (Group Discussion) र केही खुला अन्तर्वार्ता पनि गरिएको थियो । सूचना सङ्कलनका लागि अनुसन्धानकर्ताले शिक्षा तालिम केन्द्रमा शिक्षक पेसागत विकास तालिममा सहभागी भएका ३५ जना आधारभूत र मावि तहका शिक्षक तथा स्थानीय तहमा कार्यरत शिक्षा अधिकृत र प्राविधिक सहायकबाट ३० जना गरी ६५ जनासँग अनलाइन टुल्स padlet.com मा प्रश्नमा प्रतिक्रिया दिन लगाइएको थियो र प्राप्त प्रतिक्रियाका आधारमा समूहमा थप छलफल गरिएको थियो । प्याडलेटका सूचनाहरुलाई थिम अनुसार विश्लेषण गरिएको छ । साहित्य समीक्षाको रुपमा परीक्षाको ऐतिहासिक पक्षको विश्लेषण, अन्तर्राष्ट्रिय अभ्यास र निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनका विविध पक्षमा विश्लेषण गरिएको छ ।

**विद्यालय शिक्षा र परीक्षाको ऐतिहासिक समीक्षा**

नेपालमा औपचारिक विद्यालय शिक्षाको सुरुवात दरबार हाइस्कुलको स्थापनाबाट भएको मानिन्छ । वि स १९१० मा दरबार हाइस्कुलको परीक्षा प्रणाली के कस्तो रहेको थियो भन्ने खास तथ्यहरू उपलब्ध छैनन् तर दरबार स्कुलका विद्यार्थी हाइस्कुलको परीक्षा दिन भारतको कलकत्ता जानुपर्थ्यो । वि स १९८० मा त्रिचन्द्र कलेजको सम्बन्धन कलकत्ता विश्वविद्यालयबाट पटना विश्वविद्यालयमा सारीयो र हाइस्कुलका विद्यार्थीको परीक्षा पनि पट्ना विश्वविद्यालयले नै लिन थाल्यो । वि. सं. १९८६ मा पटना विश्वविद्यालयले काठमाडौंमा परीक्षा केन्द्र स्थापना गरेको थियो (शर्मा, २०७४) । वि स १९९० मा एस एल सी बोर्ड गठन भयो र दरबार स्कुलको सम्बन्ध पटना विश्वविद्यालयसँग अन्त्य भयो । अन्य कक्षाका परीक्षाको सन्दर्भमा शर्मा (२०७४) ले उल्लेख गरेअनुसार "संवत् १९६२ मा श्रेस्ता पाठशाला स्थापना भएपछि त्यहा अध्ययन गर्ने विद्यार्थीको परीक्षा लिई अड्डा अदालतमा काम गर्न सक्ने नसक्ने जाँच गर्न संवत् १९६७ मा पास जाँच अड्डा स्थापना भएको हो (पृ., २६)" । पास जाँच अड्डाले प्रथमा र मध्यमा परीक्षा सञ्चालन गर्ने गर्थ्यो र प्रथमा परीक्षा दिन ४ वर्ष लाग्थ्यो र उत्तीर्ण हुनेले मध्यमा अध्ययन गरी ४ वर्षमा परीक्षा दिन पाउथे । मध्यमा परीक्षामा पहिलो, दोस्रो, तेस्रो र चौथो गरी खण्ड खण्ड गरेर तथा विद्यार्थीले चाहेको खण्डमा चारै खण्डको परीक्षा एकैपटक पनि दिन पाउँथे (शर्मा, २०६२) । एसएलसी बोर्ड गठन भएपछि कक्षा १० को अन्तिममा हुने परीक्षा बोर्डबाट हुन थाल्यो भने वि स १९९६ मा जारी भएको शिक्षाको इस्तिहारले प्राथमिक परीक्षामा उत्तीर्ण हुनेलाई मात्र मध्यम खण्डमा भर्ना गर्नुपर्छ भन्ने उल्लेख गरेको आधारमा प्राथमिक तहको अन्तिममा परीक्षा हुने गरेको देखिन्छ ।

विद्यालय तहको परीक्षासँग सम्बन्धित तथ्यहरू तथा इतिहासमा एस. एल. सी. परीक्षा बढी महत्त्वको र यससँग सम्बन्धित इतिहास बढी उपलब्ध छन् । वि स २००३ मा पूरक परीक्षाको व्यवस्था सुरु भएको थियो र २०२३ मा हटाइयो र पुन २०५४ बाट सुरु गरी हाल ग्रेड वृद्धि परीक्षाको नामबाट २ विषयसम्मको परीक्षा सञ्चालन हुन्छ । वि स २०७२ बाट उत्तीर्ण र अनुत्तीर्ण तथा श्रेणीको प्रचलन हटाइ अक्षराङ्कन पद्धति लागू गरिएको छ । शिक्षा ऐनको आठौं संशोधन (नेपाल कानुन किताब व्यवस्था समिति, २०७३) बाट विद्यालय शिक्षा कक्षा १२ सम्म भएको छ र कक्षा १० को अन्तिममा हुने परीक्षा Secondary Education Examination-SEE र कक्षा १२ को अन्तिममा School Leaving Certificate Examination- SLCE भएको छ । विद्यालय शिक्षाको मुख्य परीक्षाको रुपमा यी दुई परीक्षालाई लिने र बुझ्ने गरिन्छ । स्थानीय तहबाट सञ्चालन भइरहेको आधारभूत तह उत्तीर्ण परीक्षा (Basic Level Examination-BLE) मा पालिकाअनुसार भएका फरक फरक अभ्यासले परीक्षा पद्धतिमा थुप्रै पक्षमा सुधार र साझा बुझाइ विकास गर्नुपर्ने अवस्था देखिन्छ (आचार्य, २०८१) ।

विद्यालय तहको परीक्षालाई व्यवस्थित गर्ने सम्बन्धमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-३२ एउटा महत्त्वपूर्ण योजना हो। प्राथमिक शिक्षाको अन्तमा जिल्लास्तरीय परीक्षा गर्ने, निम्न माध्यमिक शिक्षाको अन्तमा अञ्चल स्तरीय परीक्षा गर्ने र माध्यमिक शिक्षाको अन्तिममा हुने राष्ट्रव्यापी जाँचलाई कायम राखिने छ; आन्तरिक मूल्याङ्कन प्रथा लागू गरिनेछ र विद्यार्थीहरूको विवरण राख्ने व्यवस्था हुनेछ। प्रत्येक तहको अन्तमा अन्तिम परीक्षा हुनेछ; एस एल सी को प्रश्न र जाँच गर्ने तरिकामा सुधार ल्याइने छ। आन्तरिक परीक्षाको नम्बर एस. एल. सी. जाँचमा गणना हुनेछ भनिएको थियो (शिक्षा मन्त्रालय, २०२८)। यसैअनुसार २५ अङ्कको प्रयोगात्मक र ७५ को लिखित परीक्षा हुने गरेको थियो। विद्यालयहरूले प्रयोगात्मक परीक्षामा जथाभावी अङ्क दिएर पठाउने गरेको र अङ्क दिने मामलामा मनोमानी भएको सन्दर्भ अधिकारी (२०७६) ले तत्कालीन परीक्षा नियन्त्रकको भनाईलाई उल्लेख गर्दै "प्रयोगात्मक परीक्षामा जथाभावी अङ्क दिने प्रचलन हालसम्म पनि कामयै छ" (पृ. ७९) लेखेका छन्।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को मूल्याङ्कनमा परीक्षा पद्धति सुधार नभएको भनी उल्लेख गरिएको थियो। वि स २०३८ मा पाठ्यक्रम कार्यान्वयन योजना लागू भएपछि प्राथमिक तह कक्षा ५ भयो र कक्षा ५ को अन्तिममा जिल्ला स्तरीय परीक्षा हुन थाल्यो। राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले प्राथमिक कक्षाका बालबालिकाहरूको नियमित मूल्याङ्कन गर्ने परिपाटी बसाल्नुपर्छ, कक्षा ३ को अन्तिममा सम्बन्धित विद्यालयको प्रअ, स्रोतकेन्द्रको प्रअले खटाएका एक शिक्षक समेतको समितिले परीक्षा लिने र कक्षा ४ र ५ मा प्रयोगात्मक परीक्षा र कक्षा ५ को जिल्लास्तरीय परीक्षा सञ्चालन गर्नुपर्ने विषयहरु सिफारिस गरिएको थियो।

आयोगका प्रतिवेदनहरूमा गरिएका सिफारिसहरू कार्यान्वयन गर्न बाध्यकारी नहुने हुँदा नीतिगत तथा अभ्यासका तहमा आंशिकमात्र सुझावहरू कार्यान्वयन गरिए। यसपछि उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले एसएलसी परीक्षासँग सम्बन्धित सुझावहरूमा जोड दिएको पाइन्छ भने शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले पनि एसएलसी परीक्षाको सुधारमा जोड दिएको थियो। साथै कक्षा ५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा चढाउने व्यवस्था गर्ने र प्रत्येक तहका विद्यार्थीको उपलब्धि मापन गर्ने प्रणाली विकास गर्ने सिफारिस गरेको थियो। आयोगका प्रतिवेदनहरू मुख्यतया एसएलसी परीक्षाका सुधारमा बढी केन्द्रित देखिन्छन् र सिफारिसहरूको प्रभावकारी कार्यान्वयन भएको पाइदैन ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन

माथि नै उल्लेख गरेअनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाबाट अवधारणागत विकास हुँदै गरेको निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कक्षा ५ सम्म लागू गर्ने सम्बन्धमा २०५८ को प्रतिवेदनमा सिफारिस गरिएको थियो। वि स २०५६ सालबाट कार्यान्यनमा ल्याइएको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरणमा यसलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको रूपमा केही जिल्लाहरूमा कक्षा १ देखि कक्षा ३ सम्म परीक्षणका रूपमा कार्यान्वयन गरियो। परीक्षणबाटै प्रभावकारी नभएको अनुसन्धानको निष्कर्ष भए पनि कमजोरी सुधार गर्दै कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्य राखी देशभरी नै लागू गरियो। माध्यमिक शिक्षा सहयोग कार्यक्रमको मूल दस्तावेजले प्राथमिक तहको निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अनुभव र प्राप्तिहरूको आधारमा माध्यमिक तहसम्म पनि सो व्यवस्थालाई विस्तार गर्नुपर्ने कुरा उल्लेख गरेको थियो। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले कक्षा ३ सम्पूर्ण रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन र कक्षा ४ र ५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रावधान राखेको थियो (पाठ्यक्रम विकास केन्द्र, २०६३)। शैक्षिक विकासका लागि अग्रसारित अन्य योजनाहरू विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना, आवधिक योजना र हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना सबै दस्तावेजहरूले कुनै न कुनै रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनलाई प्रभावकारी बनाउने उल्लेख गरेका छन्। हाल आधारभूत शिक्षाको कक्षा १–३ मा पूर्ण रूपमा, कक्षा ४–८ मा ५० प्रतिशत भारको आन्तरिक र ५० प्रतशित प्रतिशत आवधिक तथा बाह्य मूल्याङ्कन हुने व्यवस्था छ। त्यसै गरी कक्षा ९ देखि १२ सम्म सामान्यतया २५

प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य तथा अन्तिम मूल्याङ्कन गर्ने व्यवस्था छ । प्राविधिक धारका विषय तथा बढी प्रयोगात्मक प्रकृतिका विषयको हकमा भने कक्षा ९ देखि १२ सम्म ५० प्रतिशत आन्तरिक मूल्याङ्कन हुने व्यवस्था रहेको छ । आन्तरिक मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको रुपमा लिन जसको मुख्य उद्देश्य सिकाइमा सुधार गर्नु रहेको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनले कक्षाकोठामा शिक्षकले गर्ने परीक्षणमा जोड दिन्छ । विद्यार्थीको सिकाइ परीक्षणका लागि शिक्षकको स्वतन्त्रतामा जोड दिन्छ र विद्यार्थीको सिकाइ मूल्याङ्कनमा शिक्षकको भूमिकालाई बढी महत्त्व दिएको हुन्छ । प्रत्येक विद्यार्थीको पोर्टफोलियो राख्नुपर्ने, सिकाइ उपलब्धिअनुसारको फारम भर्नुपर्ने र त्यसका आधारमा सिकाइमा सहयोग गर्नुपर्ने भएकाले लिखित परीक्षाभन्दा झन्झटिलो र शिक्षकले थप मेहनत गर्नुपर्ने यसको न्यूनतम विशेषता हो । हालका दिनमा सजिलो लिखित परीक्षालाई छोडेर तुलनात्मक रुपमा झन्झटिलो र थप मेहनत गर्नुपर्ने निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन चुनौतीपूर्ण भएको छ ।

अर्कोतिर निरन्तर विद्यार्थी मूल्याङ्कनलाई बेलाबेलामा हुने छलफलमा कमजोर सिकाइको कारक तत्त्वका रुपमा ब्याख्या गर्ने गरिएको पनि सुन्न पाइन्छ । अनुसन्धाताले अन्तरक्रिया गरेका सबै शिक्षक तथा प्रअहरूलेकार्यान्वयन गरे त राम्रो हो नि भन्नुहुन्छ तर अनुसन्धाताले हालैमात्र काठमाडौं उपत्यका लगायतका विभिन्न विद्यालयका प्रअ र शिक्षकसँग गरिएको सूचना सङ्कलनका आधारमा यसको प्रभावकारी कार्यान्वयन भएका सामुदायिक विद्यालय औलामा गन्न सकिने मात्र छन् । शहरी क्षेत्रका राम्रो सामुदायिक विद्यालयको पहिचान बनाएका विद्यालयमा समेत यसको कार्यान्वयन भएको पाइएन । । यसलाई उदार कक्षोन्नतिको पयार्यवाचीको रुपमा बुझ्ने, अर्थ लगाउने र त्यसैअनुसार कार्यान्वयन भइरहेको अवस्था छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई रेजा लगाउने सरल र सजिलो कामको रुपमा अर्थ्याउने गरिएको छ, जसले गर्दा विद्यार्थीको सिकाइमा योगदान गर्न सकिरहेको छैन ।

## सिकाइ परीक्षणका विभिन्न तह (Levels of Assessment)

विद्यार्थीको सिकाइ परीक्षणका विभिन्न फरक फरक उद्देश्य हुन्छन् र फरक उद्देश्यअनुसार परीक्षण सञ्चालन गर्ने जिम्मेवारी तथा अधिकार फरक फरक व्यक्ति तथा निकायमा रहेको हुन्छ । सिकाइमा सुधारका लागि कक्षाकोठामा आधारित परीक्षणहरू प्रभावकारी हुन्छन् भने शैक्षिक प्रणालीको अनुगमनका लागि राष्ट्रिय उपलब्धि परीक्षण र अन्तरराष्ट्रिय स्तरमा तुलना गर्नका लागि अन्तरराष्ट्रिय परीक्षणहरु गर्ने प्रचलन रहेको छ । यस्ता परीक्षणहरूको संक्षिप्त परिचयलाई तल प्रस्तुत गरिएको छ (Wagner, 2011) ।

क) कक्षाकोठामा आधारित परीक्षण (Classroom Assessment) : परीक्षासँग सम्बन्धित सम्पूर्ण अधिकार शिक्षकमा भएको परीक्षण विधि हो । यसमा विद्यार्थीको सिकाइ परीक्षण गर्न, उनीहरूको सिकाइमा सहयोग गर्ने र सिकाइ परीक्षणका सबै कामका लागि शिक्षकलाई पूर्ण जिम्मेवार बनाइएको हुन्छ । विद्यार्थी मूल्याङ्कनमा शिक्षक स्वायत्त हुन्छन् र सोहीअनुसार जवाफदेही पनि हुन्छन् ।

ख) विद्यालयमा आधारित परीक्षण (School-based Assessment) : विद्यालयमा विद्यार्थीको सिकाइ अवस्था र सिकाइ कठिनाईहरू पत्ता लगाई सुधारका लागि गरिने विभिन्न Class Test, Monthly Test, Trimester Test हरु विद्यालयमा आधारित परीक्षणमा पर्छन् । यस्ता परीक्षा सञ्चालनका लागि विद्यालय जिम्मेवार हुन्छन् र परीक्षा सम्बन्धी सबै काम विद्यालयले नै गर्छन् । शिक्षकको भूमिका हुने भएपनि यस्ता परीक्षाको अधिकार मूलतः विद्यालयमा रहेको हुन्छ ।

ग) सार्वजनिक परीक्षा (Public Examinations) : विद्यार्थीहरूलाई एक तहबाट अर्को तहमा पदोन्नति गर्नका लागि विद्यालय र अन्य बाह्य पक्षको समेत सहभागितामा गरिने वार्षिक परीक्षाहरू यस अन्तर्गत पर्दछन् । कक्षा ८, कक्षा १० र १२ मा हुने परीक्षालाई सार्वजनिक परीक्षाको उदाहरणको रुपमा लिन सकिन्छ ।

घ) राष्ट्रिय उपलब्धि परीक्षण (National Assessment) राष्ट्रिय उपलब्धि मापनको प्रयोजन निश्चित उमेर समूहका बालबालिकाले निर्धारित उमेर वा कक्षाबाट अपेक्षित सिकाइ उपलब्धि के कति मात्रामा हासिल गरे गरेनन् भनी निदान गर्नु र शैक्षिक प्रणालीमा भएको सुधारको निरन्तर जानकारी दिनका लागि गरिने अनुगमन हो। सुधारका विभिन्न क्षेत्रहरु पहिचान गर्न तथा नीति र योजनामा परिमार्जनका लागि यस्ता परीक्षण गर्ने गरिन्छ। संसारका धेरै देशमा यस्ता परीक्षण अभ्यासमा छन्। नेपालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले २०६८ देखि कक्षा ३, कक्षा ५ र कक्षा ८ मा गणित, विज्ञान, नेपाली, अङ्ग्रेजी, सामाजिक विषयको राष्ट्रिय परीक्षण गरिरहेको थियो भने हाल कक्षा ३ मा पढाइ र गणितीय सिप तथा कक्षा ५, ८ र १० मा अन्य विषयको उपलब्धि परीक्षण गरिरहेको छ।

ङ) अन्तर्राष्ट्रियस्तरका उपलब्धि परीक्षण (**International Assessment**) : अन्तर्राष्ट्रिय स्तरमा विभिन्न देशहरूका विद्यार्थीहरूको सिकाइ अवस्थालाई तुलना गर्नका लागि र शिक्षा प्रणालीमा आवश्यक सुधारका लागि अन्तर्राष्ट्रियस्तरमा विभिन्न परीक्षणहरु हुने गरेका छन् । यस्ता परीक्षणमा Trends in International Mathematics and Science Study – TIMSS, Programme on International Student Assessment-PISA, Progress in International Reading Literacy Study- PIRLS आदि मुख्य हुन्। यी अन्तरर्राष्ट्रिय स्तरका परीक्षणमा राम्रो नतिजा ल्याएकै आधारमा फिनल्याण्ड, सिंगापुर, जापान, दक्षिण कोरीयाजस्ता देशको शिक्षा प्रणाली राम्रो भएको मान्ने गरिन्छ।

यी परीक्षणका अतिरिक्त Hybrid Assessment (Wagner, 2011) का रुपमा Early Grade Reading Assessment- EGRA, Early Grade Mathematics Assessment- EGMA पनि प्रचलित परीक्षणहरू हुन। यसैगरी Citizen Led Assessment को रुपमा Annual Status of Education Report- ASER को परीक्षण प्रचलन बढ्दै गएको छ। नेपालमा पनि केही प्रदेश तथा पालिकाहरूमा ASER परीक्षणको अभ्यास सुरु गरिएको छ (असर नेपाल, २०२२)।

## विद्यालयमा हुने परीक्षाका अभ्यासहरु

विद्यार्थीको सिकाइस्तर परीक्षण गर्ने, आवश्यक पृष्ठपोषण दिने र सिकाइमा सुधार ल्याउने कार्यमा परीक्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ नै त्योभन्दा बढी महत्त्वपूर्ण भूमिका विद्यालयहरूमा परीक्षासँग सम्बन्धित अभ्यासहरु के कस्ता रहेका छन् भन्ने हुन्छ। यस अर्थमा यस अध्ययनमा विभिन्न सहभागीबाट सङ्कलन गरिएका प्रतिक्रियाका आधारमा परीक्षाका अभ्यासहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) औपचारिक परीक्षामा जोड : परीक्षाको तालिका तयार गर्ने, परीक्षा तयारीका लागि विदा गर्ने, वर्षमा ३।४ पटकसम्म त्रैमासिक परीक्षा सञ्चालन गर्ने र त्यसका लागि तयारी र प्रशासनिक काममा धेरै नै समय विताउने अभ्यासहरू विद्यालयमा रहेको पाइएको छ। विद्यालयहरुमा ३० दिनभन्दा बढी समय परीक्षाका लागि मात्र व्यतित हुने गरेको पाइएको छ। चारपटकसम्म परीक्षा गर्ने विद्यालयमा ४० दिनभन्दा बढी समय परीक्षामा मात्र वित्ने गरेको छ। विद्यार्थीको सिकाइका लागि परीक्षाहरू अनौपचारिक, नियमित र low-stakes मा हुनुपर्ने मान्यता राखिए पनि विद्यालयहरुमा औपचारिक लिखित परीक्षाका अभ्यासहरू धेरै हुने गरेका छन् र सिकाइमा भन्दा परीक्षामा बढी जोड दिने गरिएको छ। उदाहरणको लागि कक्षा १ देखि ३ मा तीनवटा लिखित परीक्षाहरु, कक्षा ४ देखि ८ सम्मको आन्तरिक ५० पूर्णाङ्कका लागि पनि सबै लिखित परीक्षा र त्यसको जम्मा १० अङ्क भार भएको त्रैमासिक परीक्षाका लागि ३० दिनभन्दा बढी समय खर्च हुने, त्रैमासिक परीक्षाका लागि सकाउनुपर्ने पाठको सङ्ख्या तोकिनुले विद्यालयहरमा परीक्षा केन्द्रित अभ्यास (teaching to the test) बढी छन भन्न सकिने आधारहरु छन्।

ख) आन्तरिक मूल्याङ्कनको प्रभावकारी प्रयोग : प्रारम्भिक कक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन र हालका दिनमा आधारभूत र माध्यमिक तहका सबैजसो विषयहरूमा आन्तरिक मूल्याङ्कनको केही निश्चित भार छुट्टाइएको छ, तरपनि धैरै विद्यालयमा आन्तरिक मूल्याङ्कनका अभ्यासहरु कम मात्र हुने गरेका छन् । बागमती प्रदेशका पचासभन्दा बढी विद्यालयका शिक्षकहरुसँग गरिएको अन्तरक्रियामा विद्यालयमा आन्तरिक मूल्याङ्कनको योजना नभएको र आन्तरिक मूल्याङ्कनको अभिलेख राख्ने प्रणाली पनि नभएको र धैरै विद्यालयमा अन्तिममा अङ्कमात्र चढाउने अभ्यास भएको पाइएको छ । केही विद्यालयमा गरिएका अभ्यासहरु पनि सिकाइमा योगदान गर्नेभन्दा बढी अभिलेखका लागि गरिएका छन् र परियोजना कार्यहरू देखावटी मात्र हुने गरेका छन् । वर्षको अन्तिममा शिक्षकले कुनै खास आधारको प्रयोग नगरी आन्तरिक मूल्याङ्कनको अङ्क दिने परिपाटी रहेको छ । अन्तरवार्तामा सहभागी एक शिक्षकका अनुसार कक्षा ८ मा आफूले सबै विद्यार्थीको आन्तरिक मूल्याङ्कन गरी नतिजा तयार पारेर परीक्षा शाखामा बुझाउन जाँदा रिजल्ट पहिले नै पठाइसकिएको भन्ने जवाफ पाएपछि विगत ५ वर्षदेखि आफूले कहिले पनि आन्तरिक मूल्याङ्कन गर्ने र त्यसको नतिजा बनाउने काम नगरेको बताउनु भएको थियो । यस्तै तथ्याङ्कन सङ्कलनको साधन padlet मा अर्का एक शिक्षकले वाह्य मूल्याङ्कनमा बढी जोड दिइएको र विद्यार्थीको अनुहार सम्झेर मूल्याङ्कन गर्ने प्रचलन रहेको उल्लेख गर्नुभएको छ (हेर्नुहोस्, चित्र २) । यस प्रकारको अभ्यासले विद्यालय र शिक्षकप्रतिको विद्यार्थीको विश्वास मात्र कम हुने होइन यसले समग्र शिक्षा प्रणालीमा चुनौती सिर्जना गर्छ । यस्तै अभ्यासहरु हुने गरेको आधारमा लिखित परीक्षामा ३।४ (E Grade) अङ्क आउने विद्यार्थीको प्रयोगात्मक परीक्षामा २३।२४ (A Grade)
नम्बर आएको हुन्छ । विद्यालयका लेजर, पालिकामा पठाइएका कक्षा ८ को आन्तरिक मूल्याङ्कनको अङ्क, कक्षा १० र १२ का नतिजाहरुमा यस्तो तथ्याङ्क सहजै पाइन्छ (हेर्नुहोस् चित्र १) ।

**चित्र १**

*आन्तरिक र बाह्यको भिन्नता*

| SUB1 | TH | PR | GDS | GVS | SUB2 | TH | PR | GDS | GVS |
|---|---|---|---|---|---|---|---|---|---|
| COMP. ENGLISH | D | A | C | 2.0 | COMP. NEPALI | B | A+ | B+ | 3.2 |
| COMP. ENGLISH | D | A | C | 2.0 | COMP. NEPALI | D+ | A+ | C+ | 2.4 |
| COMP. ENGLISH | E | A | D+ | 1.6 | COMP. NEPALI | C | A+ | C+ | 2.4 |
| COMP. ENGLISH | D+ | A | C | 2.0 | COMP. NEPALI | C+ | A | B | 2.8 |

ग) लिखित र निर्णयात्मक परीक्षामा जोड : विद्यालयहरूले लिखित परीक्षाको अभ्यास मात्र गर्ने गरेको र त्यसले सिकाइमा प्रभावकारी सुधार ल्याउन विषय माथी नै चर्चा गरिएको छ। वर्षभरीमा ३ त्रैमासिक र १ वार्षिक परीक्षा सञ्चालनका लागी एकमहिनाभन्दा बढी समय वित्ने गरेको हुन्छ। यसो गर्दा न्यूनतम पठनपाठन हुने दिन र पाठ्यभार पूरा हुँदैन्। लिखित परीक्षालाई धैरै जोड दिने क्रममा पछिल्ला दिनमा बालविकास केन्द्रमा समेत लिखित परीक्षाका अभ्यासहरू हुने गरेका छन्। छलफलमा सहभागी एक शिक्षकका अनुसार बालविकास केन्द्रमा परीक्षा लिएर गतवर्ष २ जना विद्यार्थीलाई बालकक्षामा कक्षा दोहोराउन लगाएको थियो विद्यालयले। विद्यालयका लागि तयार बनाउने उद्देश्यबाट सञ्चालित वालविकास केन्द्रमा समेत विद्यालयहरूले समय तालिका सहितको २ घण्टे लिखित परीक्षा लिने र त्यसबाट शैक्षिक निर्णय लिने गरेको पनि देखिन्छ।

घ) परीक्षाकेन्द्रित शिक्षण सिकाइ : विद्यालय शिक्षामा परीक्षाकेन्द्रित शिक्षण सिकाइमा अत्यधिक जोड दिइएको अवस्था छ। जति धैरै परीक्षा लियो, त्यति धैरै राम्रो विद्यालय भन्ने पहिचान स्थापित हुँदै गएको अवस्था छ। प्रत्येक शनिवार, प्रत्येक एकाइमा, मासिक, त्रैमासिक गरी वर्षभरी विभिन्न परीक्षा लिने अभ्यास स्थापित हुँदै गएको छ। प्रभावकारी शिक्षण सिकाइका लागि परीक्षा एउटा विधि हो तर अत्यधिक परीक्षामा जोड दिने, पुराना प्रश्नहरुमा आधारित भएर शिक्षण सिकाइ गर्ने र पाठ्यपुस्तकमा भएका विषयहरुलाई परीक्षाका लागि कति महत्त्वपूर्ण छ भन्ने आधारमा छुट्टाउने र परीक्षाका दृष्टिले कम महत्त्वका विषयवस्तुको पठनपाठन नगर्ने अवस्था छ। अन्तरवार्तामा सहभागी एक शिक्षकले बताउनुभएको अनुभव अनुसार आफ्नो विद्यालयले प्रत्येक शनिवार २ विषयको परीक्षा लिने गरेको र शनिवारमा परीक्षामा सहभागी भएवापत विद्यालयबाट अतिरिक्त सुविधासमेत उपलब्ध हुने व्यवस्था भएको बताउनुभएको छ। एकातिर निशुल्क शिक्षाको कुराकानी गरिरहेका छौं भने अर्कातिर विद्यालयहरूले परीक्षा शुल्क लिएर साप्ताहिक परीक्षा सञ्चालन गरिरहेको अवस्था छ।


ङ) परीक्षाको केन्द्रीकरण र स्वायतत्ता : राष्ट्रिय पाठ्यक्रम प्रारुपले गरेको व्यवस्थाअनुसार कक्षा ७ सम्मको सबैखाले परीक्षा, सबै कक्षाको आन्तरिक मूल्याङ्कन र कक्षा ९ र ११ मा समेत विद्यालयहरुलाई पूर्ण जिम्मेवारी दिएको छ। यद्यपी एकरुपता गर्ने वहानामा कुनै खास प्रकारका समितिहरुले परीक्षाका तालिका तयार गर्ने, प्रश्नपत्र छपाइ गरी विक्री गर्ने लगायतका काम गरिरहेका छन्। साथै कतिपय पालिकाहरुले समेत त्रैमासिक तथा वार्षिक परीक्षा आफैले सञ्चालन गर्ने गरेका छन्। अन्तरवार्तामा सहभागी अधिकांश पालिकाका शिक्षा अधिकृतहरूले कुनै न कुनै प्रकारले परीक्षामा नियन्त्रण गरेको बताएका छन्। क्षमता विकास, स्वायतत्ता र प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने निकायहरु नै परीक्षालाई नियन्त्रण गर्न खोजीरहेका छन्।

**समस्याहरू**

विद्यालय तहमा परीक्षासम्बन्धी धैरैखाले समस्याहरू रहेका छन्। विद्यालयमा परीक्षासम्बन्धी समस्याहरु केके छन् कुनै ३ समस्या लेख्नुहोस् भनेर प्राथमिकताका आधारमा समस्या लेख्न लगाइएको आधारमा धैरै सहभागीहरूले उल्लेख गरेका समस्यालाई समूहकृत गरी प्रस्तुत गरिएको छ। सहभागीले उल्लेख गरेका केही समस्याहरूमध्ये उदारहणको रुपमा एउटा चित्र २ मा प्रस्तुत गरिएको छ।

**चित्र २**

*प्याडलेटमा प्राप्त सहभागी प्रतिक्रिया*




१) विद्यालयमा सैद्धान्तिक र लिखित परीक्षालाई बढी जोड दिने गरिएको छ । यस्ता परीक्षाले विद्यार्थीहरुलाई सिकाइमा हतोत्साही गराउने गरेको छ । कक्षाका ८० प्रतिशतभन्दा बढी विद्यार्थी परीक्षासँग सकारात्मक हुँदैनन् भन्ने प्रतिक्रिया धेरै सहभागी शिक्षकले बताउनुभएको छ ।

२) विशिष्टीकरण  तालिकाको प्रयोग नहुने र प्रश्नमा त्रुटि हुने समस्यालाई कुनै न कुनै रुपमा सबै सहभागी शिक्षकले उल्लेख गर्नुभएको छ । विशिष्टीकरण तालिकाले मार्गनिर्देश गरेअनुसार परीक्षाका प्रश्नहरु तयार नहुने र त्यसमा संज्ञानको तह ध्यान नदिने गरेको सहभागी शिक्षकहरुको अनुभव रहेको छ । पुराना प्रश्नहरुको प्रयोग गर्ने तथा प्रश्नहरुमा भाषिक त्रुटि र सामान्य निर्देशनहरुमा समेत अस्पष्ट हुने गरेको विषयलाई समस्याको रुपमा उल्लेख गरिएको छ ।

३) विद्यालयका परीक्षाले विद्यार्थीमा सिकाइस्तरमा सुधार नभएकोलाई परीक्षा प्रणालीको समस्याको रुपमा प्रस्तुत गरिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको कारणले सिकाइ गुणस्तरीय नभएको भन्ने प्रतिक्रिया धेरै सहभागीले दिएका छन् । समूह छलफलमा सहभागी शिक्षकहरूमा उदार कक्षोन्नति र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई एउटै रुपमा बुझेको पाइयो ।

४) परीयोजना कार्यहरुको डिजाइन गर्न, संज्ञान तहसमेत मिलाएर प्रश्न निर्माण गर्न र परीक्षाका विभिन्न साधनहरूको प्रयोग गर्न शिक्षकमा क्षमता र तत्परताको पनि अभाव भएको समूह छलफलका क्रममा निष्कर्ष प्रस्तुत भएको थियो । परीक्षासम्बन्धी कामलाई शिक्षकहरुले बोझको रुपमा लिने गरेको पालिकाका शिक्षा अधिकृतहरूको अनुभव रहेको छ ।

५) परीक्षाका नतिजा विश्लेषण गर्ने, परीक्षाको नतिजाका आधारमा पृष्ठपोषण प्रदान गर्ने र बालबालिकाको सिकाइमा सुधार ल्याउने कार्यमा ध्यान पुग्न सकेको छैन् । केही विद्यालयहरूले उत्तरपुस्तिका विद्यार्थीलाई फिर्ता गर्ने प्रचलन सुरु गरेका भएपनि नतिजा र प्रश्नमा आधारित वैयक्तिक पृष्ठपोषण तथा सहयोग उपलब्ध

नगराउँदा सिकाइमा सुधार हुन सकेको छैन । यस अर्थमा विद्यालयका परीक्षाहरू सिकाइ सुधारमा भन्दा प्रक्रिया पूरा गर्ने कार्यमा बढी केन्द्रित छन् ।

**निष्कर्ष**

परीक्षाको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु हो । यसका लागि शिक्षकले कक्षाकोठामा आधारित परीक्षाका अभ्यासलाई बढी जोड दिनु आवश्यक छ । लिखित र औपचारिक परीक्षालाई क्रमश कम गरी विद्यार्थीको सिकाइमा योगदान हुने गरी परीक्षाका नतिजा विश्लेषण गर्ने, परीक्षालाई अनौपचारिक बनाउने, नतिजा विश्लेषण गर्ने र सोको आधारमा विद्यार्थीलाई वैयक्तिक रुपमा सहयोग उपलब्ध गराउनु आवश्यक हुन्छ । विद्यार्थी सिकाइ सुधारमा परीक्षाका सूचनालाई प्रभावकारी रुपमा प्रयोग गर्न र शिक्षकले आफ्नो शिक्षण सिकाइमा समेत आवश्यक सुधार गर्नका लागि क्षमता विकास र कक्षाकोठामा आधारित परीक्षाको अभ्यासमा जोड दिनु आवश्यक छ ।

**सन्दर्भ सामग्री**

आचार्य, देवीराम (२०८१, जेठ) । कक्षा ८ को नतिजा: यथार्थ अर्कै छ । *शिक्षक मासिक* । ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

अधिकारी, प्रकृति । (२०७६) । *एसएलसीको इतिहास* ।  लेखक ।

शिक्षा मन्त्रालय (२०५५) । *उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५* । लेखक ।

नेपाल कानुन किताब व्यवस्था समिति । (२०७३) । *शिक्षा ऐन २०२८, आठौं संशोधन* । लेखक ।

पाठ्यक्रम विकास केन्द्र । (२०६३) । *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप* । लेखक ।

शिक्षा तथा संस्कृति मन्त्रालय ।  *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९* । लेखक ।

शर्मा, गोपीनाथ । (२०६२) । *नेपालमा शिक्षाको इतिहास भाग १* (तेस्रो संस्करण) । मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, गोपीनाथ । (२०७४) । *नेपालमा शैक्षिक प्रशासनको विकास* (चौथो संस्करण) । मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय । (२०२८) । *राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-३२* । लेखक ।

शिक्षा मन्त्रालय,(२०५८) । शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ । लेखक ।

ASER Nepal (2022). *Annual Status of Education Report 2022*. Author.

International Association for the Evaluation of Educational Achievement (2020). *Methods and Procedures: TIMSS 2019 Technical Report*. TIMSS & PIRLS International Study Center.

OECD (2023), *PISA 2022 Results (Volume I): The State of Learning and Equity in Education.* https://doi.org/10.1787/53f23881-en.

Wagner, D. A. (2011). *Smaller, quicker, cheaper, improving learning assessments for developing countries*. International Institute for Educational Planning.